भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २२औं बैठकको निर्णयहरु

मिति : २०८०/१२/२२

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २२औं बैठकका छलफलका कार्यसूची

मिति : २०८०/१२/२२ गते

समय : विहान ८:०० बजे

१) नगर कार्यपालिकाको अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

२) ई- हाजिरी सम्वन्धमा ।

३) प्रदेश विशेष अनुदान कार्यक्रम लाभग्राही छनौट कार्यविधि (उच्च मूल्यका फलफुल तथा तरकारी) सम्वन्धमा ।

४) सातदोवाटो सर्पिंग कम्प्लेक्स भवनको ट्रान्सफर्मर हस्तान्तरण सम्वन्धमा ।

५) कृषि उपज बजारको भवन (सानो २) कृषि उपज बजार संचालक समितिलाई हस्तान्तरण सम्वन्धमा ।

६) झोलुंगे पुलको स्टिल पार्टस खरिदका लागि ठेक्का प्रक्रिया सम्वन्धमा ।

७) आयोजनाको अनुगमन तथा भुक्तानी तालिका सम्वन्धमा ।

८) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अनाथालय गाईघाट सडक आयोजना, भीनपा ५ को स्थानान्तर गर्ने सम्वन्धमा ।

९) स्वास्थ्य शिविर सम्वन्धमा ।

१०) नगर/वडास्तरीय आयोजनाको शिर्षकान्तर/रकमान्तर सम्वन्धमा ।

११) शहरी शासकीय पूर्वाधार कार्यक्रम अन्तर्गत भीनपा ९ को आयोजनाको नाम संशोधन सम्वन्धमा ।

१२) सातदोवाटो सर्पिंग कम्प्लेक्स भवन हस्तान्तरण तथा भाडा लगाउने सम्वन्धमा ।

१३) सातदोवाटो प्रतिक्षालय, भीमेश्वर सार्वजनिक शौचालय, सातदोवाटो क्षेत्रमा फुटपाथ तथा पूर्वाधार निर्माण र सातदोवाटो क्षेत्र सौन्दर्य कार्यक्रमका लागि स्थान एकिन तथा सडक बिभागसँग समन्वय सम्वन्धमा ।

१४) २ नं. वडा कार्यालय निर्माणको ठेक्काबाट बचत हुन आएको रकम सम्वन्धमा ।

१५) दिवा खाजा सम्वन्धमा ।

१६) शव वाहनको रकम व्यहोर्ने सम्वन्धमा ।

१७) बैदेशिक तालिममा मनोनयन सम्वन्धमा ।

१८) नगरपालिकाको मुद्दा मामिलाको अख्तियारी दिने सम्वन्धमा ।

१९) माटी स्वास्थ्य चौकीमा रिक्त कार्यालय सहयोगी पदको करारमा पदपूर्ति गर्ने सम्वन्धमा ।

२०) शहरी खानेपानी आयोजना सम्वन्धमा ।

२१) ढल आयोजना सम्वन्धमा ।

**२२) विविध सम्वन्धमा :**

क) होली फेस्ट, २०८० को लागि सरल नेपालद्वारा आर्थिक सहयोग माग सम्वन्धमा ।

ख) बृहत् दोलखा महोत्सव, २०८० र जिरी महोत्सव, २०८० सम्वन्धमा ।

ग) भीनपा ६ स्थित पद्म सम्भव मुर्तिमा प्राण प्रतिष्ठा कार्यक्रम सम्वन्धमा ।

घ) वडा नं. १ स्थित पानीघाट - १ नं. वडा कार्यालय सडकको ढलानको चौडाई सम्वन्धमा ।

भीमेश्वर नगरपालिका

नगर कार्यपालिकाको २२औं बैठकको निर्णयहरु

मिति : २०८०/१२/२२

**निर्णय नं. १** : यस नगरपालिकाको मिति २०८० फागुन १६ गते बसेको २१औं नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाको समीक्षा गरियो ।

**निर्णय नं. २** : भीमेश्वर नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाउदै सेवा प्रवाहमा सुशासन कायम गर्न मिति २०८० बैशाख १ गतेबाट लागू गर्ने गरी सूचना प्रविधि विभागद्वारा प्रयोगमा ल्याएको केन्द्रिकृत यस कार्यालयमा ई-हाजिरी अनिवार्य कार्यान्वयनमा ल्याउने र क्रमशः वडा कार्यालय, यस नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक सेवा प्रवाह गर्ने स्वास्थ्य तथा शैक्षिक संस्थाहरुमा समेत लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : भूकम्प प्रभावित समुदायको आर्थिक विकासका लागि प्रदेश विशेष अनुदान कार्यक्रम अन्तर्गत चालु आ.व. २०८०/०८१ मा यस नगरपालिकालाई बागमती प्रदेश सरकारबाट प्रास भएको रु ३०,०००००/- (तीस लाख) बजेट कार्यान्वयनका लागि **उच्च मूल्यका फलफुल तथा तरकारी कार्यक्रम कार्यान्वायन गर्न लाभग्राही छनौट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : सातदोवाटो बहुउदेश्यीय भवनमा उर्जा आपूर्तिका लागि भीमेश्वर नगरपालिकाद्वारा जडान गरिएको १६० के.भी. ए. को ट्रान्सफर्मरको प्राविधिक पक्ष व्यवस्थापनका लागि नेपाल बिद्युत प्राधिकरण, दोलखा शाखाको स्वामित्वमा रहने गरी उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५** : भीमेश्वर नगरपालिका र कृषि उपज बजार संचालक समितिको संयुक्त लगानीमा यस नगरपालिका वडा नं. ३ कृषि उपज बजार क्षेत्रमा बनेको ८ कोठे दुई वटा भवनहरु सन्चालनका लागि कृषि उपज बजार सन्चालन कार्यविधि तयार गर्न आर्थिक विकास शाखालाई जिम्मेवारी दिने र स्वीकृतिका लागि आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस नगरपालिका क्षेत्रमा निर्माण हुने कैजाले खोला ट्रस, हात्तीछहरा झो. पु., पुलाखोला झो. पु. , कुथाली खोला झो. पु. ,भुतछहरा झो. पु. र सुलिस खोला झो. पु.का लागि रु ३०,००,०००/- (तीस लाख) बिनियोजन भएको, कैजाले खोला ट्रस, हात्तीछहरा झो. पु. सम्पन्न भई भुक्तानी समेत भईसकेको र उक्त शीर्षकमा रु १४,९२,०००/- (चौध लाख बयानब्बे हजार) बाँकी देखिन आएको, निर्माण गर्नुपर्ने बाँकी ४ वटा पुलहरुको स्टिल पार्टस खरिद प्रक्रिया अगाडि बढाउने र नपुग रकम सङ्घीय सरकारलाई माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** : यस नगरपालिकाद्वारा सन्चालन भईरहेको तथा हुने आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रणालीलाई थप व्यवस्थित गर्न प्रत्येक हप्ताको बुधवार देखि शनिवारसम्म (४ दिन) अनुगमन तथा आइतवारदेखि मंगलबारसम्म ३ (तीन) दिन भुक्तानी गर्ने तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ५ को अनाथालय- गाईघाट सडकमा विनियोजन गरिएको रु ५,००,०००/- (पाँच लाख) बजेट बालगृह - महांकाल सडक मर्मत कार्यका लागि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं. ८८ मा विनियोजित जेष्ठ नागरिक, अपाङ्गता तथा स्त्रीरोग सेवा शिविर सन्चालन कार्यक्रममा विनियोजित रु ६,००,,०००/- (छ लाख) बाट नगरपालिकाको वडा नं १, २, ४, ५, ७, ८ र ९ मा मिति २०८० साल चैत्र १३ देखि १९ गतेसम्म शिविर सन्चालन भई नपुग हुने रु ५,००,०००/- (पाँच लाख) ब.शि.नं. ८७ को शहरी स्वास्थ्य केन्द्र सन्चालन अनुदान कार्यक्रम शीर्षकबाट रकमान्तर/शिर्षकान्तर गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** चालु आ.व. २०८०/०८१ को स्वीकृत तपसिल बमोजिमका कार्यक्रम/आयोजनाहरु विविध कारण कार्यान्वयन हुन नसकी तपसिल बमोजिम रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वायन गर्ने निर्णय गरियो ।

नगरस्तरीय

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | १३३ | टोल विकास समितिलाई सामाजिक कुरीति विरुद्धको कार्यक्रम | १,००,०००/- | होजियारी तालिम, वडा नं. ७ | २,००.०००/- |
| २ | १३७ | जेष्ठ नागरिक सहायक सामग्री वितरण | १,००,०००/- | | |

वडा नं. ५

| क्र.स. | ब.शि.नं | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ३७८ | जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा सम्मान कार्यक्रम | १,५०,०००/- | क) जेष्ठ नागरिक स्वास्थ्य परिक्षण | १,००,०००/- |
| | | | | ख) जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०,०००/- |

वडा नं.७

| क्र.स. | ब.शि.नं. | साविक आयोजनाको नाम | रकम रु | संशोधित आयोजनाको नाम | रकम रु |
|---|---|---|---|---|---|
| १ | ४१९ | महिला आयआर्जन कार्यक्रम | ५,००,०००/- | क) महिला आयआर्जन कार्यक्रम | ३,००,०००/- |
| | | | | ख) उखुबारी - कुप्री सिंचाई पाईप खरिद | २,००,०००/- |
| २ | संशोधित | साखिने आवि सिकाई व्यवस्थापन | २,००,०००/- | साखिने आवि घेरावार निर्माण | २,००,०००/- |
| ३ | संशोधित | विरेन्द्र आवि सिकाई व्यवस्थापन | २,००,०००/- | विरेन्द्र आवि खेलमैदान निर्माण | २,००,००० |

**निर्णय नं. ११ :** शहरी शासकीय पूर्वाधार कार्यक्रम अन्तर्गत भीनपा ९ को धोद्रे- चिसापानी - झिगान -झाक्रीचौर - पिडालुबारी - सुर्के सडक स्तरोन्नति आयोजना संशोधन गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित सातदोवाटोमा निर्माण भएको सातदोवाटो सपिंग कम्प्लेक्स भवनको निर्माण कार्य सम्पन्न भई निर्माण व्यवसायीबाट भवन हस्तान्तरणका लागि प्राप्त निवेदन अनुसार आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण तथा सो भवन भाडामा लगाउने प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** पर्यटन प्रवर्द्धनका लागि सातदोवाटो क्षेत्रमा प्रतिक्षालय, सार्वजनिक शौचालय, फुटपाथ, बगैचा तथा पूर्वाधार निर्माण गरी सातदोवाटो क्षेत्र सौन्दर्य कार्यक्रम कार्यान्वयन गर्नका लागि लामोसाँगु - जिरी सडकको क्षेत्राधिकारभित्र पर्ने स्थानमा अस्थायी संरचना निर्माणका लागि आवश्यक समन्वय/सहमतिका लागि डिभिजन सडक कार्यालय, चरिकोट, दोलखालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. २ को कार्यालय भवन निर्माण आयोजनाको ठेक्का प्रक्रियामा गई सो आयोजनाबाट बाँकी हुन आएको बचत रकम रु १८,००,०००/- (अठार लाख) उक्त भवनको बाँकी निर्माण कार्य उपभोक्ता समिति मार्फत खर्च गर्ने गरी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५ :** यस नगरपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बा.शि.नं. ११७ मा बालकक्षा देखि कक्षा ६ सम्मका विद्यार्थी दिवा खाजा थप सहयोग कार्यक्रममा विनियोजित रु ३१,५०,०००/- (एकतिस लाख पचास हजार) बाट प्रति विद्यार्थी प्रति दिन विद्यालय सन्चालन भएको दिन रु ५/- (पाँच) का दरले उपलव्ध गराउने र सो को अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :** यस नगरपालिका भौगोलिक क्षेत्र भित्र प्राप्त बेबारिसे शवहरुको व्यवस्थापन तथा सदगत् प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नुपर्ने व्यवस्था भए अनुसार यस नगरपालिका क्षेत्रभित्रका शवहरुको सदगत् गर्न प्रति शव रु ५,५००/- (पाँच हजार पाँच सय) मात्र उपलव्ध गराउने र अन्य पालिका क्षेत्रमा भेटिएका बेबारिसे शवहरू सम्वन्धमा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १२ ग (३५) बमोजिम सम्वन्धित पालिकालाई जिम्मा लगाउन अनुरोध गर्ने र सदगत्को लागि यस नगरपालिकाले स्थान मात्र उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७ :** यस नगरपालिकाका ईन्जिनियर सुरेश राउतलाई Swedish Civil Contingencies Agency (MSB) बाट उक्त संस्थाकै खर्चमा 16-26 April, 2024 सम्म स्वीडेनको स्टकहोममा हुने International Training Progaramme in Disaster Risk Management (ITP DRM 321) तालिममा सहभागि हुन प्राप्त निमन्त्रणालाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** भीमेश्वर नगरपालिका/नगर प्रमुख/नगर उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतलाई विपक्ष बनाई कुनै पनि अदालतमा दायर हुने मुद्धाको प्रति उत्तर लगायतका सम्पूर्ण कार्यहरु गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : यस नगरपालिका वडा नं. ५ माटी स्वास्थ्य चौकीमा रिक्त हुन आएको कार्यालय सहयोगी पद- १ पदपूर्तिको प्रक्रियामा जान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २० : शहरी खानेपानी आयोजना सम्वन्धमा जनस्तरबाट गुनासो आइरेको सन्दर्भमा उक्त आयोजना संचालनको क्रममा भएका त्रुटीहरु तत्काल सच्याउनका लागि आवश्यक व्यवस्था मिलाउन शहरी खानेपानी आयोजना, पानीपोखरीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : भीमेश्वर नगपलिकको वडा नं. ३, ४ र ६ मा कार्यान्वयन भईरहेको चरिकोट ढल आयोजनाको निर्माण कार्यको प्रगति ज्यादै न्यून भएको हुँदा सम्झौता अवधिभित्र कार्य सम्पन्न गर्नका लागि आवश्यक व्यवस्था सहित निर्माण व्यवसायीलाई निर्माण कार्यलाई तिब्रता दिन आवश्यक निर्देशन दिनहुन शहरी खानेपानी तथा सरसफाई (क्षेत्रगत आयोजना) पानीपोखरी, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ : विविध सम्वन्धमा :-

क) सरल नेपाल, भीनपा ६ ले होलि फेस्ट, २०८० मनाउन पेश गरेको प्रस्तावलाई बा.शि.नं.१६९ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट रु २०,०००/- (बीस हजार) मात्र उपलव्ध गराउने निर्णय गरियो ।

ख) दोलखा उद्योग वाणिज्य संघ, दोलखाले सन्चालन गरेको बृहत दोलखा महोत्सव, २०८० तथा जिरी उद्योग वाणिज्य संघ, दोलखाले आयोजना गरेको जिरी महोत्सव, २०८० लाई बा.शि.नं.१६५ को सामाजिक तथा आर्थिक विकास सहायता कार्यक्रमबाट मेला महोत्सव क्रमशः रु ३,५०,०००/- (तीन लाख पचास हजार) र १,५०,०००/- (एक लाख पचास हजार) उपलव्ध गराउने र साथै यस नगरपालिका क्षेत्रमा उत्पादन हुने वस्तुको प्रदर्शनीका लागि आवश्यक स्टल उपलव्ध गराईदिन अनुरोध निर्णय गरियो ।

ग) बौद्रमार्गीहरुको धार्मिक आस्थाको केन्द्रको रुपमा रहेको यस नगरपालिका वडा नं. ६ चोथांग च्यानडाँडामा निर्माण भएको गुरु रेम्पोच्चे पद्म सम्भवको मुर्तिमा प्राण प्रतिष्ठा तथा पुजा कार्यक्रम सन्चालन गर्न बा.शि.नं. १६६ को आतिथ्यता सम्वन्धी तालिम कार्यक्रम - होटल व्यवसायीहरुसँगको साझेदारीमा रु २,००,०००/- (दुई लाख) मात्र उपलव्ध गराउने निर्णय गरियो ।

घ) यस नगरपालिका क्षेत्रमा निर्माण भएका निजि घरहरुको जोखिम हस्तान्तरण गर्न नमूनाको रुपमा चालु आ.व. २०८०/०८१ मा वडा नं. १ मा निर्माण भएको पानी पोखरी एकिकृत बस्तीमा बनेका घरहरुको बिमा कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

ङ) आ.व. २०८०/०८१ मा प्रदेश समपुरक अनुदान आयोजना कार्यक्रमबाट पानिघाट - १ नं. वडा कार्यालय र जिलु ४ नं. वडा कार्यालय सडक ठेक्का प्रक्रियाबाट स्तरोन्नति कार्य भईरहेकोमा यातायात चाप र आवश्यकताका आधारमा क्रमशः थप चौडा गर्नेगरी हाल चौडाई ४ मि. चौडा हुनेगरी सडक सतह स्तरोन्नति (ढलान) कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।